# हस्तकला समाचार
मुखपत्र

नेपाल हस्तकला महासंघ

वर्ष १६ | आषाढ २०६६ | अंक १००


## औद्योगिक सुसम्बन्ध कायम गर्न प्रमुख दलका नेताहरूसंग भेटवार्ता

थोरै लागतमा स्वदेशी श्रम, श्रोत तथा साधनको प्रयोग गरी उत्पादन हुने र धेरैलाई स्वरोजगारको अवसर प्रदान गर्ने हस्तकला उद्योग व्यवसायले देशको आर्थिक उन्नतिमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। यसको मौलिक विशेषताले गर्दा राष्ट्रिय तथा अन्तरराष्ट्रिय जगतमा यसले नेपालको पहिचान गराउनुका साथै यसको निकासीबाट नेपाललाई उल्लेख्य रुपमा विदेशी मुद्रा समेत आर्जन भएको छ। यद्यपि श्रमिक हक हित स्थापित गर्ने क्रम श्रमसंग सम्बन्धित संघ संस्थाहरुबाट विभिन्न समयमा व्यवसाय संचालन अवरोध हुने गतिविधिहरु संचालन हुँदै आएको सर्वविदितै छ। यस सिलसिलामा श्रम संगठनको आडमा श्रमिकहरुले हस्तकला क्षेत्रमा संलग्न उद्योगी व्यापारीहरुलाई असान्दर्भिक मागहरु राखी धम्काउने, तनाव दिने तथा व्यवसाय संचालन गर्न नदिने जस्ता दबाबहरु दिंदै आएका छन्। यसै क्रममा अखिल नेपाल धातु मजदूर संघद्वारा विभिन्न अव्यवहारिक माग राखी हस्तकला उद्योगी व्यवसायीहरुलाई दिंदै आएको धम्की तथा दबाब तत्काल बन्द गरी सहज एवं मैत्रीपूर्ण औद्योगिक एवं व्यवसायिक वातावर ण बनाई हस्तकला उद्योग व्यवसाय संचालनका लागि पहल गर्न नेपाल हस्तकला महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यको नेतृत्वमा महासंघका पदाधिकारी, कार्य समिति सदस्य, पूर्व अध्यक्ष, महासंघका सदस्य संघहरुका प्रतिनिधिहरु तथा पीडित हस्तकला उद्यमी व्यवसायीहरु सम्मिलित प्रतिनिधिमण्डलको टोलीद्वारा २०६५ आषाढ ५ गते नेपाली काँग्रेसका सभापति श्री गिरिजा प्रसाद कोइरालाज्यूलाई भेटी हस्तकला क्षेत्रमा विद्यमान श्रम समस्या सम्बन्धमा ज्ञापन गर्नुभयो।



महासंघका अध्यक्षबाट श्रमिक समस्या सम्बन्धमा नेपाली कांग्रेसका सभापतिज्यूलाई ज्ञापन पत्र बुझाउनु हुँदै



महासंघका अध्यक्षबाट श्रमिक समस्या सम्बन्धमा नेपाली कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्षज्यूलाई जानकारी गराउनु हुँदै

सो अवसरमा महासंघका अध्यक्षले कांग्रेस सभापतिलाई देशको आर्थिक एवं रोजगार प्रबर्द्धनमा हस्तकला उद्योगको योगदान र यसको व्यवसायिक वस्तुस्थितिबारे जानकारी गराउँदै वर्तमान परिवेशमा धातु मजदुर संघ लगायत श्रमिक संघहरुको असान्दर्भिक माग एवं दबाबका कारण हस्तकला उद्योग व्यवसायको संचालनमा नकारात्मक प्रभाव परेको बताउनु भयो। यस्ता समस्या यथावत रहेमा हस्तकला उद्योग व्यवसाय पूर्ण रुपमा बन्द हुने बताउदै आवश्यक पहल गर्न आग्रह गर्नुभयो। साथै उहाँले हाल भारत तथा चीनमा नेपाली हस्तकलाको निकासीमा विद्यमान समस्याबारे अवगत गराउँदै विद्यमान श्रमिक समस्या तथा व्यवसायमा बाधक अन्य समस्या निराकरण गरी हस्तकला निकासी प्रबर्द्धनका लागि आवश्यक पहल गर्न आग्रह गर्नुभयो। उक्त अवसरमा संक्रमणकाल अवस्थामा देशमा व्यक्तिपिच्छे विभिन्न भावना र अपेक्षा हुने बताउँदै नेपाली कांग्रेसका सभापतिले नेपाली हस्तकलाले विश्वमा प्रसिद्धि कमाएको उल्लेख

(बाँकी पृष्ठ २ मा ........)

### यस भित्र .....


* Tally सम्बन्धी प्रशिक्षण
* औद्योगिक सुसम्बन्ध कायम गर्न प्रमुख दलका नेताहरुसंग भेटवार्ता
* Patch Work सम्बन्धी प्रशिक्षण
* औद्योगिक सुसम्बन्ध सम्बन्धी अन्तरक्रिया
* Wood Craft in Nepal
* जिल्ला एवं वस्तुगत संघ गतिविधिहरु
* विविध

# Tally सम्बन्धी प्रशिक्षण

व्यवसाय संचालनको क्रममा व्यवसायको वस्तुस्थितिबारे तथ्य जानकारीका लागि कारोबारको राम्रो हिसाब किताब राख्नु आवश्यक पर्दछ । आर्थिक एवं वित्तिय सम्बन्धमा व्यवस्थित रुपमा हिसाब किताब राख्नु पर्दछ । यस सन्दर्भमा हस्तकला उद्यमी व्यवसायीहरुमा कम्प्यूटर बाट आर्थिक कारोबार सम्बन्धी अभिलेख राख्ने लेखा प्रणाली सम्बन्धी सीप एवं दक्षता अभिबृद्धि गर्ने उद्देश्यले यस महासंघद्वारा २०६६ जेष्ठ १ गतेबाट हस्तकला डिजाइन तथा विकास केन्द्र, ललितपुरमा Tally सम्बन्धी एक महिने प्रशिक्षणको आयोजना गरियो । विषयविज्ञ श्री सुरेन्द्र पोखरेल श्रोतव्यक्ति रहनु भएको उक्त प्रशिक्षणमा १० जना हस्तकला उद्यमी व्यवसायीहरुको सहभागिता रहेको थियो ।



*प्रशिक्षणका सहभागीहरू अभ्यासमा व्यस्त हुँदै*

## औद्योगिक सुसम्बन्ध सम्बन्धी भेटवार्ता (पृष्ठ १ बाँकी अंश ......)

गर्दै परिस्थितिजन्य समस्याबाट हस्तकला उद्योगमा कुनै समस्या आउन नदिन पार्टीको तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । सो क्रममा महासंघका प्रथम उपाध्यक्ष श्री विकासरत्न धाख्वा र पूर्व अध्यक्ष श्री इन्द्रबहादुर शाक्यले पनि आ-आफ्ना भनाईहरु राख्नु भएको थियो ।

यसै सिलसिलामा अखिल नेपाल धातु मजदूर संघद्वारा विभिन्न असान्दर्भिक माग राखी हस्तकला उद्योगी व्यवसायीहरुलाई दिँदै आएको धम्की तथा दबाब तत्काल बन्द गरी सहज एवं मैत्रीपूर्ण व्यवसायिक वातावरण बनाई हस्तकला उद्योग व्यवसायको सुचारु संचालनका लागि पहल गर्न नेपाल हस्तकला महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यको नेतृत्वमा महासंघका पदाधिकारी, कार्य समिति सदस्य, पूर्व अध्यक्ष, महासंघका सदस्य संघहरुका प्रतिनिधिहरु तथा पीडित हस्तकला उद्यमी व्यवसायीहरु सम्मिलित प्रतिनिधिमण्डलको टोलीद्वारा २०६५ आषाढ ७ गते नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष श्री झलनाथ खनालज्यूलाई भेटी हस्तकला क्षेत्रमा विद्यमान श्रम समस्या सम्बन्धमा ज्ञापन गर्नुभयो ।

सो अवसरमा महासंघका अध्यक्षले एमालेका अध्यक्षलाई आर्थिक एवं स्वरोजगार अभिबृद्धिमा हस्तकला क्षेत्रको योगदान र यसको व्यवसायिक वस्तुस्थितिबारे जानकारी गराउँदै वर्तमान परिवेशमा धातु मजदुर संघ लगायत श्रमिक संघहरुको अव्यवहारिक माग एवं दबाबका कारण हस्तकला उद्योग व्यवसायको संचालनमा नकारात्मक प्रभाव पारेको बताउनु भयो । साथै उहाँले हाल भारत तथा चीनमा नेपाली हस्तकलाको निकासीमा विद्यमान समस्याबारे अवगत गर्दै विद्यमान श्रमिक समस्या तथा अन्य समस्या निराकरण गरी हस्तकला निकासी प्रबर्द्धनका लागि आवश्यक पहल गर्न अपील गर्नुभयो । सो अवसरमा आफ्ना भनाई राख्दै यस महासंघका पूर्व अध्यक्ष श्री इन्द्रबहादुर शाक्यले विद्यमान समस्याको तत्काल समाधान नभए हस्तकला व्यवसाय संचालन ठप्प हुने र निकासीमा गम्भीर असर पर्ने बताउनु भयो । यसैगरी यस महासंघका महासचिव श्री धर्मराज शाक्यले हस्तकला सीप र दक्षतामा आधारित उद्योग भएको हुँदा सरकारले विद्यमान समस्याको तत्काल समाधान गर्न र यसको विकासमा जोड दिनुपर्ने बताउनु भयो । यस क्रममा महासंघको उद्योग समितिका सभापति श्री वेदराज ज्ञवालीले समग्र श्रम सम्बन्धी मातृ संगठनको आडमा भातृ संगठनहरुले हस्तकला जस्तो सानो एवं घरेलु उद्योग संचालनमा अवरोध पुऱ्याएकोमा राजनैतिक पार्टी तथा सरकारले विशेष ध्यान दिई त्यस्तो कदम तत्काल रोक्नुपर्ने बताउनु भयो । उक्त अवसरमा सहभागी विभिन्न हस्तकला संघ संस्थाका प्रतिनिधि लगायत पीडित हस्तकला व्यवसायीहरुले आफ्ना समस्याहरु व्यक्त गरेका थिए । अन्तमा सहभागीहरुबाट व्यक्त भनाई एवं विद्यमान समस्याबारे आफुले मनन गरेको बताउँदै एमाले अध्यक्ष श्री झलनाथ खनालले वर्तमान अवस्थामा देश संक्रमन अवस्थामा रहेको चर्चा गर्दै सम्भाव्य परिणाम हासिल गर्न शान्ति, प्रजतन्त्र, विकास तथा सम्बर्द्धनलाई समानुपातिक रुपमा आगडि लग्नुपर्ने आवश्यकता औंल्याउन भयो । विद्यमान अराजक परिस्थिति र मनमानी प्रवृत्तिले गर्दा राज्य नै कमजोर बन्न पुगेको चर्चा गर्दै उद्योगपति, श्रमिक, सरोकारवाला संस्थाका प्रतिनिधि तथा सरकारले तथ्य वस्तुस्थिति बुझी सम्बद्ध सबैको हित उन्मूख कदम चाल्नुपर्ने बताउँदै श्रमिक समस्या निराकरणका लागि आफ्नो पार्टीको तर्फबाट सकारात्मक सहयोग गर्ने बताउनु भयो । हस्तकला क्षेत्रमा विद्यमान श्रमिक समस्याको तत्काल समाधानका लागि महासंघले अन्य सम्बद्ध पार्टीका नेताहरुलाई समेत ज्ञापन गराई पहल अघि बढाइने छ ।



*भेटघाटको क्रममा पीडित हस्तकला व्यवसायहरू आफ्ना समस्याहरू व्यक्त गर्दै*

## Patch Work सम्बन्धी प्रशिक्षण

सुतिजन्य हस्तकला वस्तु उत्पदनमा संलग्न उद्यमी व्यवसायीहरुमा Patch Work सम्बन्धी सीप अभिबृद्धि गरी दक्ष जनशक्ति विकास गर्नुका साथै विभिन्न आकर्षक नवोदित हस्तकला वस्तुको विकास गर्न सहयोग पुऱ्याउने उद्देश्यले यस महासंघद्वारा सुतिजन्य वस्तु विकास समितिको संयोजनमा २०६६ आषाढ २ गतेदेखि ९ गतेसम्म ललितपुरमा Patch Work सम्बन्धी सीप प्रशिक्षण संचालन गरियो ।



*प्रशिक्षणका श्रोतव्यक्ति प्याच वर्क सम्बन्धी प्रशिक्षण दिंदै*

श्रीमती पूर्णकला लिम्बु श्रोतव्यक्ति रहनु भएको उक्त प्रशिक्षणमा १५ जना हस्तकला उद्यमी व्यवसायीहरुको सहभागिता रहेको थियो । प्रशिक्षणको क्रममा सहभागीहरुलाई सुति कपडाबाट विभिन्न डिजाइन काट्ने, पायच तयार गर्ने र सामान अनुसार पायच सिलाई गर्ने वा राख्ने सीप सिकाइएको थियो । यस प्रकारको सीपबाट सुतिजन्य वस्तुको विविधिकरण गरी नयाँ वस्तु उत्पादन गर्न टेवा पुग्ने अपेक्षा गरिएको छ ।

## औद्योगिक सुसम्बन्ध सम्बन्धी अन्तरक्रिया

*देशमा राजनैतिक परिवर्तनसंगै श्रमिक संगठनहरुको अगुवाईमा श्रमिक हक हित स्थापनाका लागि विभिन्न गतिविधिहरु संचालन गर्दै आएको सर्वविदितै छ। यस क्रममा विभिन्न उद्योगहरुमा कार्य गर्ने श्रमिक एवं उद्यमीहरुको न्यूनतम पारिश्रमिक निर्धारण सम्बन्धमा सम्बन्धित क्षेत्रका संघ संस्थाका प्रतिनिधि, श्रमिक प्रतिनिधि, उद्योग संचालक र अन्य सरोकारवालाहरुको उपस्थितिमा वार्ता भई विद्यमान श्रम समस्या समाधान गर्ने पहल हुँदै आएको छ। यस क्रममा श्रमिकहरुले अनावश्यक मागहरु राखी उद्यमी व्यवसायीहरुलाई दुःख दिने, तनाव दिने प्रवृत्तिलाई निरुत्साहित पार्न र उपयुक्त मैत्री वातावरण कायम गर्न सहयोग पुऱ्याउने उद्देश्यले यस महासंघद्वारा २०६६ आषाढ ३ गते काठमाडौंमा औद्योगिक सुसम्बन्ध विकास सम्बन्धी अन्तरक्रियाको आयोजना गरियो। सो कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष, नेपाल सुन चाँदी व्यवसायी संघका प्रथम उपाध्यक्ष, घरेलु तथा साना उद्योग महासंघका उपाध्यक्ष लगायत श्रमिक समस्याबाट पीडित हस्तकला उद्यमी व्यवसायीहरुको उल्लेख्य उपस्थित रहेको थियो ।*

प्रारम्भमा कार्यक्रमको पृष्ठभूमि एवं उद्देश्यबारेमा प्रकाश पार्दै यस महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले वर्तमान परिवर्तित राजनैतिक परिवेशमा श्रमिकको हित स्थापित गर्ने क्रममा हस्तकला क्षेत्रमा संलग्न खुद्रा तथा थोक व्यवसायी तथा निकासीकर्ताहरुलाई असान्दर्भिक मागहरु प्रस्तुत गरी तनावको वातावरण सिर्जना भइरहेको सन्दर्भमा यथार्थता पहिचान गरी मैत्री व्यवसायिक वातावरण तय गर्न प्रस्तुत कार्यक्रमको आयोजना गरिएको बताउनु भयो । यस क्रममा मन्तव्य राख्दै नेपाल उद्योग वाणिज्य महासंघ, वस्तुगत परिषदका उपाध्यक्ष श्री भाष्करराज राजकर्णिकारले श्रमिक र लगानीकर्ता एवं उद्योगपतिहरुबीच समय समयमा विवाद हुने गरेको चर्चा गर्दै दुबै पक्षको हित प्रबर्द्धनका लागि सन्तुलित रुपमा अघि बढ्नुपर्ने बताउनु भयो । साथै उहाँले श्रमिकको व्यक्तिगत माग अघि सार्न नहुने चर्चा गर्दै यदि श्रमिकको मागले लगानीकर्ता एवं व्यवसायी त्रसित हुन्छ भने महासंघले यसलाई सकारात्मक रुपमा लिन नसकिने धारणा राख्नुभयो । मन्तव्यको क्रममा श्रमिकको हित प्रबर्द्धनका लागि श्रमिक मजदुर हरुले विभिन्न अनावश्यक माग राखी उद्योग व्यवसायमा समस्या र कठिन परिस्थिति सिर्जना गरेको चर्चा गर्दै नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष श्री सुरेन्द्रबीर मालाकारले श्रमिक र व्यवस्थापनको सुसम्बन्ध स्थापित गर्न चेम्बरबाट सक्दो पहल अघि बढाउने बताउनु भयो । यसैगरी लघु तथा साना उद्योग भनेको मजदुरी कम परिश्रम बढी लाग्ने प्रकृतिको उद्योग भएको चर्चा गर्दै उद्योगको सफल संचालनका लागि दुबै पक्षको भूमिका महत्वपूर्ण हुने बताउँदै घरेलु तथा साना उद्योग महासंघका वरिष्ट उपाध्यक्ष श्री सुरेश प्रधानले श्रमिकको जायज मागहरु निर्क्यौलमा जोड दिनुभयो ।

सो अवसरमा सुन चाँदी व्यवसायी आफै कालिगढ हुने गरेको चर्चा गर्दै नेपाल सुन चाँदी व्यवसायी संघका उपाध्यक्ष श्री मणिरत्न शाक्यले हाल श्रमिकहरुको अनावश्यक दबाबले गर्दा व्यवसाय संचालनमा नकारात्मक असर परेको जानकारी गराउँदै तिनीहरुको अनावश्यक माग पुरा हुन नसक्ने बतउनु भयो । सो क्रममा यस महासंघका महासचिव श्री धर्मराज शाक्य र पूर्व अध्यक्ष श्री इन्द्रबहादुर शाक्यले पनि आ-आफ्ना भनाईहरु राख्नुभयो ।

तत्पश्चात विद्यमान श्रमिक समस्या सम्बन्धमा सहभागीहरुले आ-आफ्ना पीडा र भनाइहरु राख्नुभयो। छलफलको क्रममा सहभागीहरुले हस्तकला क्षेत्रमा हाल विद्यमान समस्या तत्काल समाधान नभएमा हस्तकला व्यवसाय तथा निकासी धरासायी हुने बताउँदै प्रमुख र ाजनैतिक पार्टीका नेताहरुलाई श्रमिक समस्याबारे ज्ञापन गराउनुका साथै सरकारलाई श्रमिक समस्या तत्काल समाधान गर्न आवश्यक कार्वाहीका लागि पहल गर्नुपर्नेमा जोड दिइयो ।

# Wood Craft in Nepal

**- Anjana Shilpakar**

The art of wood carving has been the pride of Nepal for many centuries. Woodwork has been part of the traditional architecture of Nepal and wood carvings have graced the temples, monasteries, palaces and even residential homes since its existence although the earliest surviving example is the *Indresvara Mahadeva* temple in Panauti which bears the date of 1396. Besides the use of wood in forming various sculptures, wood work is mainly taken in Nepal as an integral element of architecture. Lavishly carved wooden doors and windows are the major beauties of the ancient architecture. But the wood work is not confined within this boundary and the wood carvers have stepped forward on showing their skill reaching the decorated cornices, brackets, lintels, struts, pillars, capitals and every possible part of the construction. The living example of Kasthamandapa, dating back to 1596 in the reign of Raja Lakshmi Narasimha Malla, shows the extensive of wood work in Nepalese architecture, where nothing else but wood, of a single tree as the legend says, is used for construction. However, no other examples of all wooden temples as such is available but this one, after whom "Kathmandu" was named, depicts the standing wood work held in the art, architecture and civilization of Nepal.

The wood that was used in the old temples and palaces was locally called "dhumsi" or "chasi" which means "as strong as tiger". This particular timber has legendary reputation that it has life of 3000 years. 1000 years as standing tree, 1000 years as timber and 1000 years in water. The contemporary wood workers mainly use Sal/Agrath (Shorea Robusta), Champ (Michelia Champaca), Sisau (Dalbergia Sissoo), Haldu(Adina Cordifolia) as their availability and the nature of work. Nepal was rich in excellent timber. The five hundred miles of Nepal's Terai region and the two third of the mountain areas were covered with different varieties of trees till middle of twentieth century. There are over 150 varieties of trees available in Nepal. But amongst them, 97 are considered suitable as timber. These are used widely in different parts and gradients of Nepal depending on local availability and usage. However, the above mentioned timbers are considered the best.

Woodcarving in Nepal is purely a newari art and is the traditional occupation of a newari community called Shilpakars, dwellers of historic city patan. "Shilpa", in newari, means art so "Shilpakar" means artists, the people or community who has skill. As history reveals, Shilpakars were onto stone carvings in the earlier times but the waves of time banked them into the wooden art. The newari language has a rich vocabulary of woodcarving terms in which every part, every design and pattern, every joint and every technical detail of the craft has a name, let alone the wide variety of tools used. The skill is passed on generation to generation. Like the craftsmen of stone and metal, wood craftsman basically have their working place in the ground floor of their houses. And this is how the following generations are grown up within the environment of workmanship and skill and thus another craftsman is born. However, today woodcarving is developed as an industry and also has a minor if not major part in the total exports of Nepal.

Nevertheless no systematic attempts seem to have been made to study the art of the wood carver so as to enable defining the forms and phases of the art. But certain things are very clear from the analysis of available details, that still stands within and outside the valley, that traditional architecture of Nepal seen today are characterized by elaborately carved wooden windows and doors and other beautifully carved wooded elements that support as well as decorated the construction. Unlike other forms of art in Nepal, wood carving is not confined within the boundaries of religious iconographic injunction. The art in wood often depicts the scenes taken from daily lives, flora and fauna or at times even from the artist's imagination. Many struts are even decorated with frank erotic scenes. Although these are usually found on tantric Shiva temples.

In Nepal, wood craft was flourished during Malla period (1482-1768). Although there are no solid

evidences, analytical thoughts force to admit that wooden craft was developed way before the thirteenth century. Even a time span of a century falls short to expertise the workmanship of temple *Indresvara Mahadeva* (1396). Moreover, the famous Chinese pilgrim, Hsuan Tsang, who in his memoirs (643 AD), had mentioned of Nepalese wooden craft. "The people of Nepal", he wrote. "among other things are skilled in arts. Their houses are made of wood and carved." History of Nepal tells the stories of King Amshuverma (593-621 AD). He had entered into a matrimonial alliance with Tibet by giving the hand of his daughter, Bhrikuti, to the king of Tibet. The legend has it that the princess had carried an image of Lord Buddha made of sandalwood as the wedding gift to Tibet.

However, woodcraft has seen the major developments in Malla period. This is when many constructions were materialized fulsome of art in wood, stone and metal. The three palace squares, temples, monasteries and mathas of Kathmandu, Patan and Bhaktapur are the major developments of this period. During this period, the kings of all three major cities were into unofficial competition of decorating the respective city, then country. This did boost the art and many artists and artful monuments were born. The craftsmanship developed in Malla period flourished under the patronage of the Shah kings in the valley. In fact, the majority of wood work in Nepal dates back to the period of the Shah kings who took over control of the valley in 1769.

During the period of Rana Administration (1846-1951), the wooden artistic tradition was greatly discouraged. Ranas were more attracted towards the colonial or neo-classical architecture inspired by the British culture. Thus the new palaces and buildings made by Ranas were more inclined towards European designs and elements rather than Nepalese architecture. The art then almost perished. The artists, to earn daily lives, were diverted towards other occupation and the traditional art and techniques were just simply forgotten. After the fall of Rana regime in 1951, Nepal was opened to the tourists. The rich architecture and beautiful artwork was now appreciated all over the globe. Tourists were lured to take back the pieces of art of Nepal as souvenirs. This revived the artists and redeveloped their art buried within. Replicas and miniatures of windows, doors, statues were started being made and the art of Nepal started spreading all over the world. Replica and miniature of Peacock Window of Bhaktapur became the most popular souvenir amongst the tourists.

Today wood carving has become a big industry. Many people are employed and yet many families are supported by this industry today. In the fiscal year 2061/61, 2.7% of total handicraft exports was that of wood craft. Besides exporting, wooden craft is in high demand in the local markets too. As the need of time, wood carvers are bringing out new products with the blend of traditional touch and serving the purpose of modern civilization. This is why they still have good grip in the local markets. Besides the latest "back to history" fashion in architectural design of constructing houses and buildings in olden "Nepalese style" has boost the wood carving industry as well. People are more interested now in building houses in olden styles and living amidst the native art. This up coming waves of fashion has even involved wood carvings in the modern interiors of contemporary Nepali homes. Locals are also welcoming wooden carved items, usable or decorative items, as gift items for foreigners as well as locals. This tradition has encouraged many young men and women to embrace wood art as their occupation despite of their caste and culture. Today, the occupation has gone beyond the monopoly of "newars". In other words, wood art has been highly worked, sold and used in today's date. An ancient village of Bungamati, Patan has turned into a traditional village and almost all the people of Bungamati are involved into wood carvings. No wrong in saying that it has turned into a wood carving village. This shows how commercialized wood carving has become in present day. But the irony lies in the fact that the increase in local demands has to some extend deteriorated the quality of workmanship. That's the price to be paid for being commercialized. This is the result of locals demanding the art for cheap price that's preserved since ages. Nevertheless, it should not be forgotten that we are creating history today. The art created today is the treasure of tomorrow. Our generations that follow should have the pleasure of living in the art of their ancestors as we have today and living the art that were created ages ago.

# Procedure of wood working

Different art of Nepal has different significance in the culture of Nepal. As there nature they have different traditional ways and techniques of being materialized. Likely to other arts of Nepal, there are no methods and ways of creating wooden crafts in written. The techniques are all forwarded down generation to generation by the ways of mere practicing. To produce a fine work of art it is necessary that the artist lives through his work. If the artist doesn't love the art then even though item is created an art fails to appear. However, as non artist only the brief process of an art being born can be analyzed.

Unlike metal work, no moulds are made here in wood crafts. The craftsman directly starts working into the raw wood piece and pours all his skill to bring life out of a mere wood piece. The procedure is very similar to that of stone carving. The craftsman, first, has to select the right timber for his work. With regard to the strength, color and smoothness required, the craftsman has to choose the right type of timber out of various available. For construction purpose, furniture making and other items that require strength, normally Sal/Agrath and Sisau wood is used. These are available strongest wood and are brownish in color. For the replicas and miniatures and statues, normally Haldu wood is used for its light color, which allows the craftsman to finish up the item in any other desired color, and its light weight. Disregard to its heavy weight, Sissau is also at times used for replicas and statues for its beautiful natural texture.

Another important thing craftsman has to consider is the grains of wood. Since the grains of wood are naturally there, the craftsman has to work on the wood according to the grains. Working without considering the grains is like swimming in the river against its current. Once the craftsman selects the right type of wood, he normally draws the desired image to be carved in it then he gradually starts working onto it.

The craftsman, using different sizes and shapes of tools, chisels away the pieces of wood working through to getting the shape of the statue in the raw wood. The craftsman's imagination plays vital role here. The craftsman should be a good knower of the body structure and its language. He should know the curves and lines of the figure he's working on. Once the raw wooden statue is obtained, the craftsman uses finer, smaller and sharper tools to refine the image. Now he adds all the details like eyes, lips, clothes, jewels, body lines etc. This is the time when the skill of the craftsman is really questioned. An expert craftsman can give emotions and expression and thus life into the statue else it is left as another handicraft item. Yet it is followed by another finishing process. Now the craftsman can give the desired color to the statue. Today various type of coloring agents are available in the market. Light to dark, the work can be brought out to any color in both gloss and matt finishing according to desire. The wooden carved statue or any image is ready for worship, decoration or export.

## Heat Treatment गरिएका Wood Pakiging Material लाई मान्यता प्रदान

विभिन्न कारणहरु दर्शाई अमेरिका, यूरोप तथा विभिन्न देशहरुमा हस्तकला लगायत विभिन्न वस्तुहरुको निकासी गर्दा निकासी हुने वस्तुहरु प्याकिङ्ग गर्ने काठजन्य बाकस, बट्टाहरु अनिवार्य रुपमा Heat treament गरिएको हुनुपर्ने भन्ने सूचना विश्वव्यापी रुपमा परिपत्र भएको थियो । यस क्रममा उचित निकासाका लागि सम्बन्धित निकासीकर्ताहरुको माग अनुरुप यस महासंघले पहल गरिएको थियो । यस सम्बन्धमा आवश्यक जानकारी प्रवाह गर्न चेतनामूलक कार्यक्रमको आयोजना गर्नुका साथै Heat treament गर्ने एकाईको व्यवस्था र पूर्वाधार भएका कम्पनीलाई सो कार्य गर्ने मान्यताका लागि नेपाल सरकारमा पहल गरिएको थियो । यस सन्दर्भमा सो कार्यका लागि स्वीकृति प्रदान गर्न यस महासंघबाट सिफारिस भई नेपाल सरकारमा पेश भएकोमा कृषि तथा सहकारी मन्त्रालय, कृषि विभाग अन्तर्गत बाली संरक्षण निर्देशनालय, राष्ट्रिय प्लान्ट क्वारेन्टाइन कार्यक्रमले २०६६/२/१३ देखि यस महासंघका सदस्य कम्पनी **श्री उड कार्भिङ्ग इण्डष्ट्रिज प्रा. लि., पाटन औद्योगिक क्षेत्र, लगनखेल, ल.पु.**बाट Heat Treatment भएका Wooden Pakaging Materials लाई मान्यता प्रदान गरिएको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ ।


**References :**

- *Ray Amita*, Art of Nepal
- *Aran Lydia*, The art of Nepal
- *Amatya Saphalya*, Art and Culture of Nepal
- *Bernier Ronald M.,* The Temples of Nepal
- *Singh Madanjeet*, Himalayan Art
- *Kayastha Baban P.,* A Handbook of Trees of Nepal
- *Storrs Adrian & Storrs Jimmie*, Trees & Shrubs of Nepal And The Himalayas

# जिल्ला एवं वस्तुगत संघ गतिविधिहरु

## हाते काजगजन्य वस्तुमा बाटिक सीप सम्बन्धी प्रशिक्षणक

हाते कागजजन्य वस्तु उत्पादनमा संलग्न उद्यमी व्यवसायीहरुमा बाटिक सम्बन्धी दक्षता अभिबृद्धि गरी स्तरीय वस्तु उत्पादन गर्न सक्षम तुल्याउने उद्देश्यले काठमाडौं हस्तकला संघ र नेपाल हाते कागज उद्योग संघद्वारा यस महासंघको सहयोगमा २०६५ जेष्ठ ५ गतेदेखि हस्तकला डिजाइन तथा विकस केन्द्र, ललितपुरमा एक हप्ते बाटिक सम्बन्धी प्रशिक्षण संचालन गरियो । विज्ञ श्री पूर्णकला लिम्बु श्रोतव्यक्ति रहनु भएको उक्त प्रशिक्षणमा सम्बन्धित २२ जना उद्यमी व्यवसायीहरुको सहभगिता रहेको थियो । प्रशिक्षणको क्रममा सहभागीहरुलाई लोक्ताबाट निर्मित हाते कागजजन्य वस्तुमा विभिन्न आकृतिका मैन पगालेर राखी त्यसमा आकर्षक रंगिन डिजाइनहरु बनाउने सीप सिकाइएको थियो । प्रशिक्षणबाट प्राप्त सीपबाट गुणस्तरीय हाते कागज लगायत विविध हस्तकलाका वस्तुको उत्पादनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## रबर मोल्डिङ्ग सम्बन्धी सीप प्रशिक्षण

*धातुकला सम्बन्धी व्यवसायमा संलग्न उद्यमी व्यवसायीहरुमा रबर मोल्डिङ्ग प्रक्रियाबाट विभिन्न मूर्तिहरुको मोल्ड तयार पार्ने दक्षता अभिबृद्धि गर्ने उद्देश्यले ललितपुर हस्तकला संघद्वारा यस महासंघ र ल.पु. उप महानगरपालिकाको सहयोगमा २०६६ आषाढ १५ देखि २८ गतेसम्म हस्तकला डिजाइन तथा विकास केन्द्रमा रबर मोल्डिङ्ग सम्बन्धी प्रशिक्षणको आयोजना गरियो । श्री विक्रम प्रजापति र श्री प्रचण्ड शाक्य श्रोतव्यक्ति रहनु भएको उक्त प्रशिक्षणमा २३ जना धातुकला सम्बन्धी उद्यमी व्यवसायीहरुको सहभागिता रहेको थियो ।*

ललितपुर उपमहानगरपालिकाका प्रमुख कार्यकारी अधिकृत श्री विनोदप्रकाश सिंहको प्रमुख आतिथ्यमा २०६६ आषाढ २८ गते एक कार्यक्रमबीच उक्त प्रशिक्षण समापन गरियो । उक्त अवसरमा स्वागत मन्तव्य राख्दै सो संघका अध्यक्ष श्री रुपरत्न शाक्यले प्रशिक्षणको उद्देश्यबारे प्रकाश पार्दै सो संघको विविध गतिविधिबारे जानकारी गराउनु भयो । उक्त अवसरमा मन्तव्य व्यक्त गर्दै यस महासंघका अध्यक्ष श्री पुष्करमान शाक्यले अधिराज्यभरका स्थानीय हस्तकला उद्योग व्यवसायको प्रबर्द्धनका लागि विभिन्न जिल्लाहमा हस्तकला संघको स्थापना गर्न महासंघले पहल गर्दै आएको चर्चा गर्दै ललितपुरका हस्तकला उद्यमी व्यवसायीहरुको प्रबर्धनमा ल.पु. हस्तकला संघ सक्रिय रहकोमा खुशी व्यक्त गर्नुभयो। उक्त अवसरमा प्रमुख अतिथिबाट प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण गर्नुभयो ।

यस क्रममा मन्तव्य व्यक्त गर्दै उहाँले ललितपुरमा अवस्थित स्थानीय हस्तकला उद्योग व्यवसायको प्रबर्द्धनका लागि आउने दिनमा पनि सक्दो सहयोग र



*श्रोतव्यक्ति रबर मोल्डिङ्ग सम्बन्धी प्रशिक्षण संचालन गर्दै*

सहकार्य गर्दै जाने बताउनुभयो। कार्यक्रमको अन्तमा कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने सबैमा धन्यवाद ज्ञापन गर्दै सो संघका महासचिव श्री जुनिबज्र बज्राचार्यले आउने दिनमा उद्यमी व्यवसायीहरुको आवश्यकता अनुसार कार्यक्रम गर्दै जाने बताउनु भयो ।

## हस्तकला गतिविधि, लेख तथा उपयोगी जानकारी उपलब्ध गराउने सम्बन्धी सूचना

हस्तकला उद्योग व्यवसायको विकास एवं प्रबर्द्धनमा टेवा पुऱ्याउने उद्देश्इले नेपाल हस्तकला महासंघद्वारा समयसापेक्ष कार्य गर्नुका साथै विविध गतिविधिहरु संचालन गर्दै आएको सबैमा विदितै छ । हस्तकला सम्बन्धी समसामयिक गतिविधिबारे आफ्ना सदस्यहरु लगायत समस्त हस्तकला उद्यमी व्यवसायीहरुलाई सुसूचित गरी यवसाय प्रबर्द्धनमा सहयोग पुगोस भन्ने उद्देश्यले महासंघद्वारा **हस्तकला समाचार** मासिक रुपमा र ऋचबात ल्भधक त्रैमासिक रुपमा प्रकाशन गर्दै आएको छ । अतः यी प्रकाशनलाई अझ उपयोगी एवं जानकारीमूलक बनाउन यहाँहरुसंग हस्तकला सम्बन्धी समसायिक सूचना, सिर्जना, लेख, जानकारी एवं उपयोगी सामाग्रीहरु कुनै भएमा यस महासंघलाई उपलब्ध गराई दिनुहुन सदस्य महानुभाव लगायत सम्बद्ध सबैमा महासंघ हार्दिक अनुरोध गर्दछ ।

साथै महासंघमा आबद्ध संस्थागत जिल्ला हस्तकल संघ एवं वस्तुगत संघहरुले पनि आ(आफ्ना संघका समसामयिक प्रबर्द्धनात्मक गतिविधि सम्बन्भी जानकारीहरु समयमा उपलब्ध गराईदिनु हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

## विविध तालिम/सेमिनार/गोष्ठी/तालिममा सहभागिता

२०६६ साल जेष्ठ महिनामा विभिन्न संघ संस्थाद्वारा आयोजित निम्न कार्यक्रमहरुमा महासंघका पदाधिकारी, कार्यसमिति सदस्यहरु, व्यवसायी तथा कर्मचारी सहभागी हुनुभयो ।

| क्र.सं. | कार्यक्रम | मिति | आयोजक | सहभागीको नाम |
|---|---|---|---|---|
| १ | बिरुवा संरक्षण नियमावली सम्बन्धी गोष्ठी | १ जेष्ठ, २०६६ काठमाडौं | राष्ट्रिय प्लान्ट क्वारान्टाइन कार्यक्रम | श्री अनिल कुमार शिल्पकार, कासस<br>श्री विवेन्द्रप्रसाद सिंह, सास |
| २ | ASYCUDA SYSTEM सचेतना कार्यक्रम | ५ जेष्ठ, २०६६ काठमाडौं | नेपाल निर्यात परिषद | श्री पुष्करमान शाक्य, अध्यक्ष<br>श्री हेमरत्न शाक्य, द्वितीय उपाध्यक्ष<br>श्री धर्मराज शाक्य, महासचिव |
| ३ | २० औं औद्योगिक प्रदर्शनी सम्बन्धी छलफल | ७ जेष्ठ, २०६६ काठमाडौं | घरेलु तथा साना उद्योग विकास समिति | श्री वेदराज ज्ञवाली, कासस |
| ४ | अपाङ्गहरुको सहयोगार्थ मैत्रीपूर्ण भलिबल खेलमा सहभागिता | १६ जेष्ठ, २०६६ काठमाडौं | नेपाल निर्यात परिषद | श्री किशोरवज्र वज्राचार्य, श्री अनिल शिल्पकार, श्री सुरजमान वज्राचार्य, श्री सिद्धिरत्न शाक्य, श्री दिलिप खनाल, श्री डोरबहादुर थापा |
| ५ | नेपाल चीन तिब्बत व्यपार मेला सम्बन्धी छलफल | १९ जेष्ठ, २०६६ काठमाडौं | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | श्री तुलानरसिंह शाक्य, कार्यालय सचिव |
| ६ | Allo Value Chain Presentation सम्बन्धी कार्यक्रम | २४ जेष्ठ, २०६६ काठमाडौं | लघु उद्यम विकास कार्यक्रम | श्रीमती दिव्यतारा तुलाधर, कासस |
| ७ | हाते कागजका वस्तु उत्पादन तालीम समापन र अन्तरकृया कार्यक्रम | २२ जेष्ठ, २०६६ काठमाडौं | द्वन्द पिडित तथा आपाङ्ग समाज नेपाल | श्री वेदराज ज्ञवाली, कासस |
| ८ | युवा तथा साना व्यवसायी स्वरोजगार सम्बन्धी छलफल/ भेटवार्ता | २० जेष्ठ, २०६६ काठमाडौं | महासंघ | श्री पुष्करमान शाक्य, अध्यक्ष<br>श्री ईन्द्र बहादुर शाक्य, पू. अध्यक्ष<br>श्री वेदराज ज्ञवाली, कासस |
| ९ | सार्क व्यापार सूचना सम्बन्धी अन्तरक्रिया | २७ जेष्ठ, २०६६ काठमाडौं | सार्क सूचना केन्द्र | श्री देवराज वज्राचार्य, सहायक सचिव |
| १० | एयर कार्गो कम्प्लेक्सको सेवा दस्तुर सम्बन्धी छलफल | २८ जेष्ठ, २०६६ काठमाडौं | नेपाल उद्योग बाणिज्य. महासंघ | श्री हरिबहादुर कार्की, कासस |

## उत्पादकत्व सहजकर्ता विकास कार्यक्रम

उद्योग प्रतिष्ठानहरुको उत्पादकत्व तथा गुणस्तर बढाई तिनहरुको प्रतिस्पर्धात्मक क्षमता अधिबृद्धि गर्ने उद्देश्यले उद्योग मन्त्रालय। नेपाल उद्योग वाणिज्य महासंघ, उत्पादकत्व तथा गुणस्तर समितिको संयुक्त तत्वावधानमा २०६६ आषाढ १५ देखि २३ गोसम्म काठमाडौंमा उत्पादकत्व सहजकर्ता विकास कार्यक्रम आयोजना गरियो। सो कार्यक्रममा विभिन्न उत्पादकत्व तथा सेवामूलक उद्योग प्रतिष्ठानका २२ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागीहरुलाई उत्पादकत्व सम्बन्धी विभिन्न प्रशिक्षण गराउनुका साथै उत्पादकत्व अभिबृद्धि कार्यक्रमलाई अभियानकै रुपमा देशव्यापी रुपमा अघि बढाउने उद्देश्यले उत्पादकत्व गुणस्तर सहजकर्ता क्लबको समेत स्थापना गरिएको थियो ।

काठमाडौंमा आयोजित एक कार्यक्रमबीच यस प्रशिक्षण कार्यक्रमको समापन गर्दै उद्योग मन्त्रालयका सचिव श्री प्रतापकुमार पाठक र नेपाल उद्योग वाणिज्य मन्त्रालयका अध्यक्ष श्री कुशकुमार जोशीले संयुक्त रुपमा सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्नुभयो । सो अवसरमा मन्तव्य व्यक्त गर्दै उद्योग सचिवले सिकेको सीप एवं ज्ञानलाई अ-आफ्नो कार्य प्रतिष्ठानको कार्य प्रणलीमा लगू गर्न, आफ्ना समूहका सदस्यहरुमा आदान प्रदान गर्न तथा यसको प्रयोगबाट के कस्तो सुधार आयो त्यसको मापन गर्न आग्रह गर्दै उत्पादकत्व अधिबृद्धिलाई क्रान्ति रुपमा अघि बढाउनुपर्नेमा जोड दिनुभयो । यसैगरी देशको राजनैतिक अस्थिरता, बन्द हड्ताल, श्रमिक समस्या एवं उद्योग वाणिज्य क्षेत्रमा घटिन अराजक गतिविधिहरुले गर्दा सम्पूर्ण मुलुककै उत्पादकत्वमा ऱ्हास आएको चर्चा गर्दै महासंघका अध्यक्षले उत्पादकत्व अभियानलाई सशक्त रुपमा लान सकेमा उत्पादकत्वमा गुणत्मक बृद्धि हुने अपेक्षा गर्नुभयो । यस क्रममा महासंघको उत्पादकत्व तथा गुणस्तर समितिका सभापति श्री विजय बहादुर श्रेष्ठले जापानमा बाल्यकाल र विद्यालय तहदेखि नै आफ्ना समस्या आफै समाधान गर्ने र उत्पादकत्व बृद्धि सम्बन्धी सीप एवं ज्ञान प्रदान गरिने उदाहरण प्रस्तुत गर्दै नेपालमा पनि यस्तो संस्कार प्रबर्द्धन गर्नुपर्ने धारणा राख्न भयो । कार्यक्रममा उद्योग मन्त्रालयक वरिष्ट अर्थशास्त्री डा. दुर्गेसशकुमर श्रेष्ठले पनि उत्पादकत्व अभिबृद्धि सम्बन्धी आफ्ना भनाइ राख्नु भएको थियो ।

### महासंघको प्रकाशनहरू

| | | |
|---|---|---|
| 1. | The Iconography of Nepalese Buddhism | US$ 10.00 |
| 2. | Short Description of Gods & Goddesses | US$ 03.00 |
| 3. | Product Catalogue (8 Sheets per set) | US$ 03.00 |
| 4. | Artistic Heritage of Nepal | US$ 10.00 |
| 5. | Sacred Art of Nepal | US$ 30.00 |
| | (All price include mailing charges) | |

To,

______________________________

______________________________

प्रकाशक:

**नेपाल हस्तकला महासंघ**

पो.व.नं. ७८४, उपमामार्ग, थापाथली
काठमाडौं, नेपाल
फोन : ४२४३०१५, ४२४४२३१, ४२४५४६७
फ्याक्स: ९७७–१–४२२२९४०
E mail: han @ wlink.com.np
URL: www.nepalhandicraft.org.np

**सम्पादक**

देबराज बज्राचार्य, ऋषिराज सुवेदी